# नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)

## नियमन विभाग

पत्र संख्याः धि.व.सि.धि.व्य.नि.२०८३/८४ मितिः २०८३/०५/०९

चलानी नम्बरः ५०२

**श्री सम्पुर्ण मर्चेन्ट बैंकरहरू।**

विषयः निर्देशन गरिएको सम्बन्धमा ।

महाशय,

उपर्युक्त सम्बन्धमा धितोपत्र कारोबारलाई सुदृढ, प्रभावकारी तथा विश्वसनीय बनाउन धितोपत्र बजार तथा धितोपत्र व्यवसायीहरूको कारोबारको नियमन तथा अनुगमन गर्ने, गराउने उद्देश्यको लागि धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ८४ को उपदफा(१) ले दिएको अधिकार प्रयोग गरी बोर्डबाट देहायको निर्देशन जारी गरिएको छ।

१. धितोपत्र निष्काशन गर्दा निष्काशन गर्ने कम्पनीको वित्तीय एवं व्यवस्थापकीय पक्ष लगायत स्वार्थको द्वन्द्व नहुने अवस्थाको सुनिश्चितता गर्न वस्तुपरक अध्ययनपश्चात् मात्र बोर्डमा धितोपत्र निष्काशनमा लागि आवेदन पेश गर्ने ।

२. प्रारम्भिक सार्वजनिक निष्काशनका लागि बोर्डमा प्राप्त निवेदनका सम्बन्धमा आ.व. २०८२।८३ को लेखा परीक्षण प्रतिवेदन(यदि लेखापरीक्षण सम्पन्न नभएको अवस्थामा लेखापरीक्षकबाट प्रमाणित भएको वित्तीय विवरण) का आधारमा बोर्डले तोकेको वित्तीय मापदण्ड पूरा गरि तथा परिपालना प्रतिवेदन(कम्पलाईन्स रिपोर्ट) पेश गर्ने/गराउने ।

३. महिनाको कम्तीमा एउटा वित्तीय साक्षरता कार्यक्रम संचालन गर्ने ।

भवदीय,

२०८३।५।९

(विनयदेव आचार्य)

कार्यकारी निर्देशक

**बोधार्थः**

श्रीमान् अध्यक्षज्यू, अध्यक्षको कार्यालय, नेपाल धितोपत्र बोर्ड।

श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तिय क्षेत्र व्यवस्थापन महाशाखा।

श्री सुपरिवेक्षण विभाग, नेपाल धितोपत्र बोर्ड।

पोष्ट बक्स नं.: ९०३१, खुमलटार, ललितपुर, नेपाल

# नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)

## नियमन विभाग

श्री व्यवस्थापन तथा कानून विभाग, नेपाल धितोपत्र बोर्ड।

श्री नीति, अनुसन्धान तथा प्रशिक्षण विभाग, नेपाल धितोपत्र बोर्ड।

श्री मर्चेन्ट बैंकर एशोशिएसन अफ नेपाल, नक्साल, काठमाडौं।

पोष्ट बक्स नं : १०३१, खुमलटार, ललितपुर, नेपाल